# हिलिहाङ गाउँपालिका

हिलिहाङ गाउपालिकाको राजपत्र

| | | |
|---|---|---|
| **खण्ड :** | **सङ्ख्या :** | **७ जेष्ठ २०७५** |

**भाग –**

**हिलिहाङ गाउँपालिका**

# हिलिहाङ गाउँपालिकाको आयोजना सञ्चालन सम्बन्धी ऐन २०७७

गाउँपालिकाबाट स्वीकृत मिति : **२०७७ /०३/१०**

प्रमाणिकरण मिति : **२०७७ /०३/१०**

# योजना सञ्चालन सम्बन्धी कार्यविधी, २०७७

**प्रस्तावनाः** यस गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माण कार्यसँग सम्बन्धित योजनाहरु जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, सहभागितामुलक, दीगो र गुणस्तरयुक्त साथै व्यवस्थित तवरले सञ्चालन गर्ने कार्यमा सहयोग पुर्याउने उदेश्यले हिलिहाङ गाउँसभाबाट स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा २ ले दिएको आधिकार प्रयोग गरी आयोजना संचालन सम्बन्धी कार्यविधी २०७७ तर्जुमा गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "आयोजना संचालन सम्बन्धी कार्यविधि २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) आयोजना भन्नाले कुनैभौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उदेश्य प्राप्तिका लागी तयार गरिएको व्यवस्थित क्रियाकलापलाई सम्झनु पर्छ।

(ख) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्षलाभ पाउने व्यक्तिहरुको समुहले कुनै आयोजना निर्माण, संचालन, व्यवस्थापन र मर्मत सम्हार गर्नका लागी आफुहरु मध्येबाट निश्चित प्रकृया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ र सो शब्दले लाभग्राही समुह समेतलाई जनाउँछ।

(ग) कार्यक्रम भन्नाले निश्चित उदेश्य प्राप्तिका लागी तयार गरिएको क्षेत्रगत वा बहुक्षेत्रगत आयोजनाहरुको संयोजित रुप सम्झनु पर्छ।

(घ) कार्यविधि भन्नाले आयोजना व्यवस्थापन तथा संचालन सम्बन्धी कार्यविधी २०७७ सम्झनु पर्छ।

(ङ) गैर सरकारी संस्था भन्नाले यस कार्यविधिको प्रयोजनको लागी प्रचलित कानुन बमोजिम स्थापना भएका र गाउँपालिकाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसंग समन्वय राखी कार्य संचालन गर्ने गैरनाफामुलक संस्था सम्झनुपर्छ।

(च) ठुला मेशिनरी तथा उपकरण भन्नाले वातावरणलाई अत्यधिक ह्रास पुर्याउने प्राकृतिका ठुला मिसीनरी उपकरण (बुलडोजर, एस्काभेटर आदी) र श्रममुलक प्रविधिलाई विस्थापित गर्ने खालको मेसिनरी तथा उपकरण सम्झनपर्छ।

(छ) गाउँपालिका, गाउँ कार्यपालिका र गाउँसभा" भन्नाले तोकिएको अवस्थामा बाहेक हिलिहाङ गाउँपालिका, हिलिहाङ गाउँकार्यपालिका र गाउँसभा सम्झनु पर्छ।

( ज) बिषयगत कार्यालय भन्नाले संघीय , प्रादेशिक र स्थानीय तह मातहतका कार्यालयहरु सम्झनुपर्छ।

( झ) विकास साझेदार भन्नाले नेपाल सरकार संग भएको सम्झौता बमोजिम नगद जिन्सी एवम प्रविधिक सहयोग उपलब्ध गराउने द्धिपक्षिय एवम बहुपक्षिय दातृ निकाय संयुक्त राष्ट्र संघिय निकायहरु तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था सम्झनुपर्छ।

(ञ) स्थानीय तह भन्नाले गाउँपालिका र सो मातहतको निकाय सम्झनु पर्छ।

(ट) प्राविधिक कर्मचारी भन्नाले इन्जिनियर ,सव-इन्जिनियर, असिस्टेन्ट सव इन्जिनियर वा अन्य इन्जिनियरिङ सेवा सम्बद्ध कर्मचारी सम्झनु पर्छ।

(ठ) सार्वजनिक परिक्षण भन्नाले कार्यविधिको दफा भन्नाले कार्य विधिको दफा ६ को उपदफा (१) खण्ड (त) संग सम्बन्धित  स्थानीय तहले संचालन गर्ने कार्यक्रम वा आयोजनाको लक्ष्य, उदेश्य बजेट आम्दानी तथा यसबाट प्राप्त नतिजा उपलब्धी र खर्च आदिको बारेमा सरोकारवालाहरु बिच जानकारी गराउने, लेखाजोखा गर्ने र मुल्याङकन गर्ने कार्य सम्झनुपर्छ।

(ड) सार्वजनिक सुनुवाई भन्नाले सरोकारवाला सर्वसाधरण नागरिक र स्थानीय निकायका पदाधिकारीहरु बिच सार्बजनिक चासोको बिषयमा सार्वजनिक स्थलमा खुलाछलफल गर्ने प्रक्रिया सम्झनुपर्छ।

(ढ) सामुदायिक संस्था भन्नाले जनचेतना सम्बन्धि तालिम, अभिमिखिकरण, सिप विकास, बचत कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उदेश्यले निश्चित प्रक्रिया अवलम्बन गरी प्रचलित कानुन बमोजिम स्थापना भएका संस्था तथा स्थानीय निकायमा सुचिकृत भएका समुदायमा आधारित संस्था सम्जनुपर्छ।

(ण) योजना भन्नाले समग्र विकास निर्माण सम्बन्दी  तयार परिएको आवधिक, वार्षिक, र बिषयगत  गुरुयोजना आदी सम्झनु पर्छ।
३. कार्यविधिको उदेश्यः यस कार्यविधिको उदेश्यः देहाय बमोजिमको हुनेछ।
(क) स्थानीय तहमा सबै प्रकारको स्रोत र साधनलाई उदेश्यमुलक, पारदर्शी, उत्तरदायी र जवाफदेहिपुर्वक खर्च गर्ने पद्धति निर्माण गर्न सघाउ पुर्याउने।
(ख) आयोजना व्यवस्तापन प्रणालीलाई अनुशासित त वित्तिय कुशलता हासिल गर्न सघाउ पुर्याउन, लेखा परिक्षण र प्रतिवेदन प्रणालीलाई नियमित र व्यवस्थित गर्ने ।
(ग) स्थानीय स्तरमा सुशासन कयम गर्न पारदर्सिता र उत्तरदायीत्व सम्बन्धी व्यवस्थाको प्रवर्धन गर्ने ।

## परिच्छेद -३

## कार्यक्रम वा आयोजना संचालन एवम व्यवस्थापन

४. गाउँपालिकाको कार्यक्रम वा आयोजनाको संचालनः (१) गाउँपालिकाको कार्यक्रम तथा आयोजना देहाय बमोजिम संचालित हुनेछनः
(क) गाउँपालिकाको आफ्नै स्रोतबाट,
(ख) गाउँपालिकालाई प्राप्त सशर्त तथा निशर्त तथा अन्य अनुदान बाट,
(ग) संघ तथा प्रदेश सरकारको अनुदानबाट
(घ) विभिन्न गैर सरकारी संघ संस्थाबाट,
(२) गाउँसभाले बार्षिक बजेट तथा कार्यक्रम तथा बिनियोजन ऐन पारित गरेपछि, स्थानीय सरकार संचालन ऐनको दफा ७३ मा भएको व्यवस्था अनुसार खर्च गर्ने अख्तियारी प्राप्त भए पश्चात, आयोजना सञ्चालन तालिका बनाई कार्यान्वयन गर्नु गराउनु पर्नेछ।
(३) गैर सरकारी संस्थाबाट संचालन हुने कार्यक्रम गाउँपालिका संग स्वीकृती लिई संचालन गर्नु गराउनु पर्नेछ।
(४) गाउँपालिकाले संचालन गर्ने कार्यक्रममा गैरसरकारी संस्थाहरुको लगानी समेत हुने अवस्थामा दुइ संस्था बिच भएको  साझेदारी मुलक सम्झौता अनुसार आयोजना संचालन हुनेछ।
(५) संघ तथा प्रदेश सरकारको अनुदानबाट संचालन हुने विशेष मायोजना संघ तथा प्रदेश सरकार द्वारा तोकिएको प्रकृया बमोजिम संचालित हुनेछ।

५. आयोजनाको कार्यान्वयन र व्यवस्थापनः (१) आयोजनाहरुको प्रकृति र आवश्यकता अनुसार, आयोजनाहरु गाउँ कार्यपालिकाको कार्यालय, बिटयगत कार्यालय, गैर सरकारी संस्था, सामुदयिक संस्था, निजि क्षेत्र तथा उपभोक्ता समिति मार्फत आवस्यक समन्वय कायम गरी दोहोरो नपर्ने गरी कार्यान्वयन गर्नु गराउनु पर्नेछ।

(२) उपभोक्ता समितिका सदस्यहरुलाई आयोजना संचालनका लागी तालिम आवश्यक भएमा सो समेत प्रदान गर्नु पर्नेछ।

(३) उपभोक्ता समितिले त्यस्तो आयोजनाबाट सेवा प्राप्त गर्ने उपभोक्ताबाट सेवा शुल्क असुल गर्न सकिनेछ।

(४)उपदफा (३) बमोजिम प्राप्त सेवा शुल्कको रकम सम्बन्धित आयोजनाको मर्मत, संम्भार र संरक्षणमा खर्च गर्नु पर्नेछ।

(५) उपदफा (३)र (४) बमोजिमको आम्दानी खर्चको विवरण उपभोक्ता समितिले अद्यावधिक गरी गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ।

६. **कार्यक्रम वा आयोजना कार्यान्वयन प्रक्रियाः** (१) कार्यक्रम वा आयोजना सफा ५ को अधिनमा रहि देहाय बमोजिमको हुनेछः

(क) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन २०६३  र खर्च गर्ने अख्तियारीमा उल्लिखित मार्गदर्शन तथा शर्तहरु समेतको पालना गरी खर्च गर्नु पर्नेछ।

(ख) सार्बजनिक खरिद ऐन २०६३ बमोजिम वार्षिक खरिद योजना बनाई कार्यान्वयनमा ल्याएको हुनुपर्नेछ।

(ग) कार्यक्रम वा आयोजना संचालन गर्दा सामाजिक परिचालनका पक्षहरुलाई समेत विशेष ध्यानमा दिई सामाजिक परिचालक, विकास साझेदारहरु, बिषयगत कार्यालयलाई संलग्न गराउने र यस्ता घभियानमा सामुदायिक संस्था तथा गैर सरकारी संस्थाहरुको समेत सहयोग लिनु पर्नेछ।

(घ) दफा ४को उपदफा (२) को व्यवस्था पश्चात उपभोक्ता ससमिति मार्फत संचालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढिमा पन्ध्र दिन भित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागी सम्पर्क राख्न सम्बन्धित लाभग्राही समुहलाई  जानकारी दिनुपर्नेछ।

(ङ) बार्षिक कार्ययोजना तथा खरिद योजना अनुसार समयमै कार्यक्रम वा आयोजना कार्यान्वयनका लागी लागत अनुमान, डिजाइन तयार गरी विनियोजित बजेटको अधिनमा रहि ठेक्कापट्टा मार्फत कार्य गराउनु पर्ने भएमा बोलपत्र सम्बन्धी सम्पुर्ण प्रक्रियाहरु पुरा गर्नु पर्नेछ।

(च) कार्यक्रम तथा आयोजना संचालन गर्दा पेश्की दिने कार्यलाई निरुत्साहित गरी कामका आधारमा भुक्तानी दिने प्रणाली अवलम्बन गर्दै पेश्की शुन्य अभियानको शुरुवात गर्नु पर्नेछ। तर स्वीकृत खरिद योजना बमोजिम आयोजना संचालनको लागी पेश्की दिन बाधा पर्ने छैन।

(छ) कार्यक्रम वा आयोजना संचालन गर्दा वातावरण संरक्षण ऐन २०५३ वातावरण संरक्षण नियमावली २०५४ र सामाजिक तथा वातावरणीय सुरक्षाको रुपरेखा २०६५ बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण (आई.ई.ई) वा वातावरणिय प्रभाव मुल्याङ्कन (ई.आइ.ए) गरेरमात्र संचालन गर्नु पर्नेछ।

(ज)कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा गैर सरकारी संस्थाबाट संचालन, रेखदेख र मर्मत सम्हार गर्ने कार्यका लागी प्रोत्साहन गर्नु पर्नेछ। साथै विषयगत कार्यालय र सामुदायिक संस्थाबाट समेत कार्यक्रम र आयोजना कार्यान्वयन गर्न प्राथमिकता दिनुपर्नेछ।

(झ) कार्यक्रम वा आयोजनाको कार्यान्वयन गर्ने उपभोक्ता समिति वा अन्य निकायले स्थानीय तहले निर्धारण गरेको नेपाल राष्ट्र बैकबाट इजजात प्राप्त वितिय संस्थामा खाता खोली संचालन गर्नु पर्नेछ।

(ञ) आयोजनाको लागत अनुमान अनुसारका खरिद गर्नु पर्ने निर्माण सामग्रीहरु स्वीकृत खरिद योजना बमोजिम तोकिएको समय भित्रै उपभोक्ता समिति वा आयोजना कार्यान्वयन गर्ने निकाय आफैले वा यस्था निकायहरुको अनुरोधमा स्थानिय तहले खरिद व्यवस्था गर्न सक्नेछ।

(ट) प्रचलित कानुन बमोजिम आयोजनाको हिसाब किताब राख्ने जिम्मेवारी कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायको हुनेछ। यस्तो हिसाव किताव सम्बन्धमा सचिवले आवस्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(ठ) स्थानीय तहबाट संचालित आयोजनाको विवरण राख्ने, नगदी जिन्सिको लेखा दुरुस्त राख्ने, आन।तरिक लेखा परिक्षण गराउने, नियमितरुपमा भौतिक एवम वित्तिय प्रतिवेदन सम्बन्धित निकायमा पठाउने जिम्मेवारी सम्बन्धित सचिवको हुनेछ।

(ड) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायले सम्झौता अनुसार निर्धारित समयमा कार्यक्रम वा आयोजना सम्पन्न गर्नु पर्नेछ।

(ढ) जानी जानी वा लापरबाहिको कारणबाट तोकिएको समयमा कार्हय सम्पन्न नगर्ने उपभोक्ता समिति , संस्था , निकाय वा व्यक्ति आदिसंग स्थानिय तहले सम्झौता भंग गरी हर्जना समेत लिई बैकल्पिक ब्यवस्था गर्न सक्नेछ।

(ण) गाउँकार्यपालिकाको कार्यालयले सबै आयोजानहरुको अनुसुची १ बमोजिम लगत खाता र अनुसुची २ बमोजिमको उपभोक्ता समितिको लगत खाता राख्नु पर्नेछ।

(त) संचालित सबै आयोजनाको आयोजनास्थलमा अनुसुची २ बमोजिम सार्वजनिक परिक्षण गर्नु पर्नेछ।

(२) आयोजजा कार्यान्वयन गर्दा कार्यान्वयन तालिका निर्माण गरी, कार्यक्रम वा आयोजना संचालन गर्दा अनुसुची ३ बमोजिमको ढाचामा सम्झौता गर्नु पर्नेछ। सम्झौतामा उपभोक्ता समितिले पालना गर्नु पर्ने आचार संहिता लगायतका कुराहरु स्थानिय तहले थप गर्नु पर्नेछ।

**७. आयोजनाको लागत अनुमान सम्बन्धी ब्यवस्था:** (१) स्थानीय तहले आयोजनाहरुकोलागत अनुमान, नक्सा र डिजाइन स्थानिय तहको सम्बद्ध प्राविधिक कर्मचारी वा उक्त प्रयोजनका लागी खटिएका ईन्जिनियर, सब-इन्जिनियर र असिस्टेन्ट सब ईन्जिनियर वा बिषय सम्बद्ध प्राविधिकबाट गराउनु पर्नेछ।

(२) आयोजनाहरुको लागत अनुमान, नक्सा र डिजाइन (ईस्टिमेट) तयार गर्दा स्थानीय दररेट नभएको अवस्थामा जिल्ला दररेटको आधार, निर्माण सामग्रीको विवरण समेत खुलाई तयार गर्नु पर्नेछ।सर्वसाधारणले लागत अनुमान नबुझेको विषयमा जानकारी दिन लागत अनुमान तयार गर्नेको कर्तव्य हुनेछ।

(३) लागत अनुमान तयार गर्दा श्रममुलक तवरबाट काम हुन सक्ने कार्यलाई सोहि बमोजिम लागत अनुमान तयार गर्नु पर्नेछ।प्राविधिक दृष्टिकोण बाट श्रममुलक तवर बाट काम हुन नसकी मिसिनरी उपकरणको प्रयोग गर्नुपर्ने भनी सम्बन्धित प्राविधिक बाट कारण सहितको सिफारिस प्राप्त भएमा सोहि अनुसार स्वीकृत मापदण्ड बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ।

(४) लागत अनुमानको परिक्षण र स्वीकृती आर्थिक प्रसाशन नियमावली बमोजिम गर्नुपर्नेछ।

**८. उपभोक्ता समिति सम्बन्धी ब्यवस्था:** (१) उपभोक्ता समितिको गठन, संचालन , व्यवस्थापन एवम कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमका प्रावधानहरु समेत पालना गर्नु पर्नेछ।

(क) उपभोक्ता समितिबाट आयोजना कार्यान्वयन र संचालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घतर परिवारको पहिचान गरी त्यस्ता गरपरिवारको म भेलाबाटसम्बन्धित आयोजना स्थलमा नै सात देखि एघार सदस्यिय उपभोक्ता समिति गठन गर्नु पर्नेछ।
उपभोक्ता समितिका सदस्यहरुले आफ्ना नागरिकताको प्रमाण पत्रको प्रतिलिपि पेस गर्नु पर्नेछ।
(ख) गाउँसभाका सदस्य, राजनितिक दलको प्रतिनिधिको रुपमा स्थानिय तहको कुनैपनी पदमा आशिन व्यक्ति, बहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण ब्यवसायी, सरकारी पेश्की वा बेरुजु फस्यौंट नगरेका व्यक्तिहरु, नैतिक पतन देखिने फौजदारी अभियोग सजाय पाई उक्त सजाय भुक्तान गरेको तिन बर्ष ननाघेको ब्यक्ति, सार्बजनिक सम्पती, हिनामिना गरेका ब्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन।
\(ग) उपभोक्ता समितिका सदस्यहरुमा कम्तिमा ३३% महिला हुनु पर्नेछ। समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला पदाधिकारी हुनुपर्नेछ। उपभोक्ता समिति गठन गर्दा समाबेशी हुनका साथै उपभोक्ता समितिमा आवद्ध ब्यक्तिहरु सामान्यतय साक्षर हुनुपर्नेछ।
(घ) एउटै समयमा एक व्यक्ति एक भन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै एकासंगोलका परिवारबाट १ जना भन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाउने छैन।
(ङ) उपभोक्ता समिति गटन गर्दा स्थानीय तहले तोकेको कर्मचारीको रोहबरमा गर्नु पर्नेछ। यसरी खटिने कर्मचारीले उपभोक्ता समिति गठन गरेपछी सो सम्बन्धि प्रतिवेदन सम्बन्धीत स्थानिय तहमा पेश गर्नु पर्नेछ।
(च) प्रचलित ऐन, नियम, प्रकृया र मापदण्ड बिपरित उपभोक्ता समिति वा अनुगमन समिति गठन गरेको सिफारिस गरेको भएमा यसरी गठन वा सिफारिस गर्ने कर्मचारी, व्यक्ति वा संस्थालाई समेत कार्बाहि हुनेछ।
(छ) उपभोक्ता समितिको गठन सर्व सहमत तरिकाले गर्नु पर्नेछ। सर्वसहमत हुन नसकेको अवस्थामा तोकेको विधी अनुसार खटिएका कर्मचारीले उपभोक्ता समिति गठन गरी सोको जानकारी गाउँ कार्यपालिकाको कार्यालयलाई गराउनुपर्नेछ।
(ज) तोकिएको समय भित्र उपभोक्ता समिति गठन भई आउन नसकेमा सम्बन्धित स्थानीय तहले सहजिकरण गर्नेछ। उपभोक्ता समिति गठन हुन नसकेमा अन्य बैकल्पिक माध्यमबाट आयोजना संचालन गर्न सकिनेछ।

(झ) तोकिएको लागत सहभागिताको ब्यबस्था नभएको कुनैपनि योजना उपभोक्ता समिति मार्फत संचालन गर्न पाईने छैन।

(ञ) स्वीकृत बार्सिक कार्यक्रम नभई विगत बर्षमा वा यसै आर्थिक बर्षमा पनी समझौता हुन पुर्व कार्य सम्पन्न गरिएका भनी भुक्तानी माग गरिएको कार्यक्रम वाआयोजना हरुमा र आ.ब.को अन्त्यमा काम भइसकेको देखाएपछी काम नगरी कुनै।पनी हालतमा उपभोक्ता समितिलाई रकम भुक्तानी दिन पाइने छैन। उपभोक्ता समितिले स्वीकृत कार्यक्रम बमोजिम गरेको कामको मात्र भुक्तानी दिनु पर्नेछ।

(ट) तोकिएको काम भन्दा बढी गर्ने वा काम नै नगरी वा वास्तविक काम भन्दा बढी काम गरेको देखाई अथवा कुनै आइटमको सट्टा अर्को आइटमको कार्य पुरा गरेको देखाई लागत हनुमान भन्दा बढि रकम माग्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिई कालो सुचीमा राखि कार्बाहि गर्नुको अतिरिक्त सम्बन्धित प्राविधिकलाई समेत कारबाहि गर्नु पर्नेछ।

(ठ) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार लगायत आयोजना लागत < निर्माण सामग्रीको  परिमाण , आयोजनाको गुणस्तर ,राख्नु पर्ने खाता, किस्ता निकासा तथा भुक्तानी प्रकृया, पार्दर्शिता , अनुगमन सम्बन्धी ब्यवस्थाका बारेमा कार्यक्रम वा योजना सम्झौता हुनु पुर्व १ वा सो भन्दा बढि उपभोक्ता समितिहरुका अध्यक्ष सचिव र कोषाध्यक्षलाई सामुहिक रुपमा अनुशिक्षण कार्यक्रम संचालन गर्नुपर्नेछ,।

(ड) उपभोक्ता समितिको खाता अध्यक्ष सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन हुनेछ। खाता संचालकहरुको ३ पुस्ते खुलाई आयोजना खाता र गाउँकार्यपालिकाको कार्यालयमा अभिलेख राख्नुपर्नेछ। उपभोक्ता समितिको गठन र यस्तो बैठकका निर्णयहरुको अभिलेख उपभोक्ता समितिको सचिवले राख्नुपर्नेछ।

(ढ) उपभोक्ता समितिले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सुचना अनुसुची -४ बमोजिम सार्वजनिक गर्नुको साथै सम्बन्धित उपभोक्ता र गाउँकार्यपालिकाको कार्यालयलाई जानकारी गराउनुपर्नेछ।

(ण) गाउँ कार्यपालिकाको कार्यालयबाट कुनैपनी समयमा उपभोक्ता समिति तथा आयोजना कार्यान्वयन गर्ने निकाय वा संघ संस्थाको आर्थिक कारोबारको बारेमा जाँचबुझ वा निरिक्षण गर्न सकिने छ।

(ण) उपभोक्ता समिति, गैर सरकारी संस्था वा सामुदायिक संस्थाले आर्थिक कारोवार गर्दा वा भुक्तानी दिदा बैक मार्फत वा वित्तिय संस्था मार्फत गर्नु पर्नेछ।

(त) सामाजिक परिचालनका माध्यमबाट गठन भएका समुह, सामुदायिक संस्था (जस्तै सामुदायिक बन , सामुदायिक स्तरका सहकारी संस्थाहरु, टोल बिकास संस्था आमासमुह, कृषि समुह, सामुदायिक संगठन आदी) कार्यक्रम वा आयोजना संचालन गर्न ईच्छुक भएका छुट्टै उपभोक्ता समिति गठन नगरी संचालन गर्न सकिने भएमा त्यस्ता समुह मार्फत कार्यक्रम संचालन गर्न सकिनेछ।

(थ) उपभोक्ता समिति मार्फत संचालन गरिने आयोजनाहरु श्रममुलक प्रविधीमा आधारित रहि स्थानिय श्रमको उपयोग र परीचालनलाई
उच्च प्राथमिकता दिनुपर्नेछ।

(द) श्रममुलक प्रविधीबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृती गराई सोहि बमोजिम सम्झौता गरी मेसिनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाएमा त्यस्ता उपभोक्ता समिति संग भएको सम्झौता रद्ध गरी उपभोक्ता समितिलाई भुक्तानी गरिएका रकम मुल्याङ्कन गरि भएको रकम सरकारी बांकी सरह असुल उपर गर्नुपर्नेछ।

(ध) उपभोक्ता समितिसंग संम्झौता गर्नु अगाडि स्थानिय तहको योजना शाखा वा योजना सम्बन्धि काम गर्ने कर्मचारीले प्रचलि कानुन, कार्य विधी, निर्देशिका, बमोजिम आवस्यक कागजात सहित उपभोक्ता समिति गठन भए नभएको बारे यकिन गरी आफ्नो स्पष्ट राय साथ सम्झौताकालगी निर्णय गर्ने अधिकारी समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नुपर्नेछ।

(न) स्थानीय तह र उपभोक्ता समिति बिचमा हुने सम्झौता पत्रमा आयोजनाको लागत, कार्यप्रारम्भ र सम्पन्न हुने अवधि, उपभोक्ता समितिले गर्ने योगदानको प्रकार र रकम, आयोजना संचालन सम्बन्धि सर्तहरु, सम्बन्धित उपभोक्ता द्वारा संचालन र मर्मत सम्भार गर्नुपर्ने बिटहय आदी उल्लेख गर्नु पर्नेछ।\

(प) उपभोक्ता समितिलाई सम्बन्धित स्तानिय तहले लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ। स्थानीय तहबाट प्राविधिक सेवा उपलब्ध गराउन कुनै कारणले सम्भव नभएमा सम्झौतामा उललेख गरी तोकिएको खर्चको सिमा भित्र रहि उपभोक्ता समितिले आफ्नै तर्फबाट करारमा प्राबिधिक नियुक्त गर्ने वा प्राविधिक सहयोग लिन सक्नेछ।

(फ) उपभोक्ता समितिले कार्यक्रम संचालन गर्दा उपभोक्ता समुहको निर्णयको आधारमा गर्ने, योजनाका निर्माण कार्य सम्बन्धित स्थानिय निकायको तर्फबाट तोकिएको प्राविधिकले तयर

गरेको लागत अनुमान तथा प्राविधिक सल्लाहको अधिनमा रहि गर्ने र आयोजना कार्यान्वयन गर्दा स्थानिय स्रोत , साधन र श्रम शक्तिको अधिकतम परिचालन गर्ने गरी गर्नुपर्दछ।

(ब) उपभोक्ता समितिले मासिक रुपमा बैठक बस्नुपर्ने, बैठकबाट भएको निर्णय सम्बन्धित स्थानिय तहलाई जानकारी गराउने, आयोजना संचालन, संरक्षण र मर्मत सम्हार गर्ने, आफुले जिम्मा लिएको काम निर्धारित समयमा सम्पम्न गर्ने, गर्न नसकेमा उपभोक्ता समुहको निर्णयसहित थप म्याद माघ गर्ने, कार्यक्रम कार्यान्वयन संग सम्बन्धीत सम्पुर्ण खर्चबरुका बिल भर्पाई सुरक्षित राख्ने, सम्बन्धित कामको प्रगति विवरण स्थानिय तहमा उपलब्ध गराउने, कामको फरफारक गराउनु अघी समिक्षाको लागी उपभोक्ता समुहको बैठक बोलाई बैठकमा राखीछलफल गराउने यस्तो बैठकको उपस्थिति त निर्णयको प्रतिलिपि सम्बन्धित स्थानिय निकायमा प्रस्तुत गर्ने आदी कार्यसम्पादन गर्नु पर्नेछ।

(भ) उपभोक्ता समितिले गरेको कामको लागत मुल्य, कार्य, कार्य स्थल, लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्यसुरु तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्बन्धित कार्यस्थलमा सार्वजनिक परिक्षण गरेको प्रतिवेदन सम्बन्धित स्थानीय तहमा प्रस्तुत गर्नु पर्नेछ।

(म) उपभोक्ता समिति मार्फत गरिएको निर्माण वा संचालन गरको कार्यक्रमको जानकारी स्थानीय जनताले माग गरेमा उपभोक्ता समितिले उपलब्ध गराउनु पर्नेछ। यसरी माग गरेको बिबरण उपलनब्ध नगराएको भनी सम्बन्धित उपभोक्ताले उपभोक्ता समिति भंग गर्ने माग गरेमा सम्बन्धित स्थानिय तहले सो बिषयमा सत्य तथ्य बुझि उपभोक्ता समितिको पुनः गठन गर्ने तथा वा अन्य माध्यमबाट कार्य सम्पन्न गर्न सक्नेछ।

(य) उपभोक्ता समिति मार्पत संचालन हुने वा निर्माण हुने विकास निर्माण कार्यको स्थलगत अनुगमन गर्ने जिम्मेवारी स्थानिय निकायको हुनेछ।

(र) उपभोक्ता समिति स्वयंले रंगिन बिल अर्थात कामको आधारमा गरेको खर्चको सुचना सार्वजनिक स्थलमा टाँस गर्नु पर्नेछ।

(ल) उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछी प्राविधिक जाँचपास र कार्यसम्पन्न प्रतिवेदन प्राप्त गरी सम्बन्धित स्थानीय तहका प्रतिनिधिको रोहवरमा सार्वजनिक परिक्षण गराउनु पर्नेछ। फरफारकका लागी उक्त सार्वजनिक परिक्षणको प्रतिवेदन समेत पेश गर्नु पर्नेछ।

अन्तिम भुक्तानी दिदा उक्त योजनाको फोटोर सो अनुसार निर्माण भएको हो बनी उपभोक्ता समितिको निर्णय तथा उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको दस्तखत गराई सम्बन्धित फाइलमा समाबेश गर्नुपर्नेछ.

(व) उपभोक्ता समिति मार्फत संचालन भएको आयोजनाहरुको कार्यसम्पन्न भएपछी सम्बन्धित तहले सोको रेखदेख मर्मत समभार गर्ने जिनम्मेवारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ। यसरी आयोजना को हस्तान्तरण भएमा सम्बन्धित स्तानीय तहको सहमति लिई उपभोक्ता समितिले सेवा शुल्क लिन र सोको नियमित मर्मत सम्भार र संचालनको व्यवस्था गर्न सक्नेछ। यसका लागी आवश्यकता अनुसार कार्यक्रम तथा आयोजना संचालन कार्य विधी तयार गरी सम्बन्धित स्थानीय निकायबाट स्वीकृत गरी लागु गर्न सकिनेछ।

(स) स्थानीय तह आफैले संचालन गरेको वा उपभोक्ता समिति , गैर सरकारी संस्था लगायत अन्य सामाजिक संघसंस्था मार्फत संचालन गरिने तालिम, गोष्ट,सेमिनार, अभिमुखिकरण कार्यक्रम, कार्यशाला जस्ता कार्यक्रमहरको भुक्तानी गर्दा उक्त कार्यक्रम संचालन गर्न गरिने बिषयमा भएको निर्णय, कार्यक्रम, संचालन भएको स्थान र कार्यक्रम अवधी,कार्यक्रमको उदेश्य र अपेक्षित उपलब्धी कार्यक्रमका सहभागीको उपस्थिती कार्यक्रमको कार्यतालिका, कार्यक्रममा प्रस्तुत भएको कार्यपत्रको प्रतिलिपी, कार्यक्रम संचालन गर्दाको अवस्थाका तस्विरहरु सहित आर्थिक प्रसासन नियम बमोजिमका नया बिल भर्पाई र कागजात संलग्न गरी कार्य सम्पन्न प्रतिवेदनका आधारमा गर्नुपर्नेछ।

(ष) उपभोक्ता समितिले आयोजनाहरु संचालन गर्दा तोकिए बमोजिमको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेवारी सम्बन्धित प्राविधिक कार्मचारी, अन्य कर्मचारी, उपभोक्ता समिति र घअनुगमन तथा सहजिकरण समितिको हुनेछ

(श) अनुकरणिय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारीलाई कार्यपालिकाको निर्णय बमोजिम बार्षिक रुपमा पुरस्कार प्रदान गर्न सकिनेछ।

(ह) आन्तरिक अनुगमन समितिको सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछ।

(अ) उपभोक्ता समिति वा ठेक्का पट्टा जुनसुकै प्रकृया बाट कार्यक्रम वा आयोजना संचालन वा कार्यान्वयनम अनुगमन एवं सहजिकरण गर्ने सम्बन्धित आयोजना वा कार्यक्रम बाट प्रत्यक्ष लाभ हासिल गर्ने परिवार मध्येबाट कम्तिमा २ जना महिला र स्थानिय सामाजिक /

सामुदायिक संस्थाका १ जना प्रतिनिधि समेत रहने गरी ५ सदस्यिय आन्तरिक अनुगमन समिति गठन गर्नुपर्नेछ।

(आ) खण्ड (अ) बमोजिमको समिति ठेक्कापट्टाबाट संचालन गरिने कार्यक्रम वा आयोजनाको हकमा कार्यक्रम वा आयोजनाको प्रारम्भ हुनुभन्दा पहिले सो आयोजनामा खटिएका कर्मचारीले र उपभोक्ता समितिबाट संचालन गरिने कार्यक्रम वा आयोजनाको हकमा सम्झौता हुनु पुर्व आन्तरिक अनुगमन समिति गठन गर्नुपर्नेछ। कार्यक्रम वा योजनाको अन्तिम भुक्तानी एवं फरफारक गर्नुपुर्व यस्तो समितिको सिफारिस आवस्यक पर्नेछ।

(इ) आयोजना संचालनको क्रममा बाधा अवरोध आईपरेमा आवस्यक सहजिकरण गर्ने, सम्पन्न कार्यक्रम वा आयोजनाको सार्वजनिक परिक्षणगर्ने तथा स्थानिहय तह संग गरेको सम्झेता र प्रचलित कानुन बमोजिम कार्यक्रम तथा आयोजना संचालन भएको नपाएमा सम्बन्धित उपभोक्ता समितिका सदस्यहरुलाई र स्थानिय तहलाई सोको जानकारी गराउनु आन्तरिक समितिको कर्तव्य हुनेछ।

(ई) समितिले जना सम्पन्न भएको ७ दिन भित्र आयोजनाको अन्तिम भुक्तानी र फर फारकको निम्ति सिफारिस गर्नु पर्नेछ।

समितिले आफनो दायित्व र जिम्मेवारी निर्वाह नगरेको भुक्तानी र फर फारकको लागी सिफारिस नगरेको कारन् वाट प्रचलित कानुन बमोजिम भएगरेका कार्यको भुक्तटानी दिन, फरफारक गर्नेलगायतका थप कारयहरु अगाडी बढाउन बाधा परेको मानिने छैन।

(उ) सम्बन्धित स्थानिय तहले कार्यक्रम वा आयोजना अन्तरिक अनुगमन समितिको थप जिम्मेवारी र आचार संहिता निर्धारण गर्न सक्नेछ । यस्तो आयोजान सम्जौता पत्रमा उल्लेख गर्नुपर्नेछ।

(ऊ) आन्तरिक अनुगमनन समितिले आयोजना निर्माण सम्बन्धमा भएको प्रगति बिवरण उपभोक्ता समिति र सम्ब न्दित स्थानिय निकायलाई उपलब्ध गराउने, योजना संचालन बाट स्थानिय जनता लाई पुगेको सुविधा, सेवाको गुणस्तर, सेवामा बृद्धि गराउनुपर्ने अवस्था आदिको सुपरिवेक्षण गरि जानकारी लिने, आयोजना संचालनको क्रममा देखापरेका बाधा ब्यवधान हटाउनकालागी उपयुक्त सुझाव सहितको सिफारिस सम्बन्धित उपभोक्ता समितिलाई र स्थानिय तहमा पेश गर्ने तथा उपभोक्ता समितिले स्थानिय तहसंग सम्झौता र प्रचलित कानुन बमोजिम कार्यक्रम तथा योजना संचालन भएको नपाएमा सोको जानकारी सम्बन्धित स्थानिय तहमा गराउने

दायित्व र जिम्मेवारी निर्वाह गर्नु पर्नेछ।

९. उपभोक्ता समिति दर्ता सम्बन्धी ब्यवस्थाः(१) आयोजना सम्झौता पश्चात अनुसुची ५ अनुसार दर्ता अभिलेखमा दर्ता गर्नु पर्नेछ।

(२) दर्ता हुन आएको उपभोक्ता समितिलाई तोकिइको ढाचामा दर्ता गरी दर्ता प्रमाण पत्रको निस्सा समेत दर्ता भएकै बखत उपलब्ध गराउनु पर्नेछ

**१०. साझेदारी**ः ( १)  हिलिहाङ गाउंपालिकाले आवस्यकता, औचित्य, लाभान्वित क्षेत्र, हवसरहरुको क्षेत्र सिर्जना, पक्ष प्रभाह समेतको बिषयहरुको बिस्लेषण गरी निजि क्षेत्र तथा सहकारी समुह संग साझेदारीमा कार्यक्रम तथा आयोजना संचालन गर्न सक्नेछ।

(२) निजि क्षेत्र आकर्षित हुन सक्ने संम्भावित क्षेत्रहरुको पहिचना गरी त्यस्ता क्षेत्रहरुमा साघेदारीमा काम गर्न स्थानिय तहले निजि क्षेत्रलाई आव्हान गर्नेछ।

(३) यसरि कार्य गराउँदा सार्वजनिक निजी साझेदारी निति, कार्यबिधी तथा अन्य कानुनि व्यवस्था अनुसार गर्नु गराउनु पर्नेछ।

( ४)  स्थानिय तहले आफ्नो कार्यक्षेत्र  भित्र रहेका गैर सरकारी संस्था, निजि क्षेत्र, सामुदायिक संस्थाबाट संचालन हुने काररर्यक्रम वा आयोजनामा परिपुरकता कायम गराउनुकासाथै यस्ता संस्थाहरु संग साझेदारीमा कार्यक्रम वा आयोजनाहरु संचालन एवं कार्यन्वयन गर्न सक्नेछ।

(५) सहकारी संस्थहरु संग द्विपक्षिय सम्झौता गरी बिभिन्न कार्यक्रमहरु संचालन गर्न सक्नेछ।

**११. ठक्का पट्टा सम्बन्धि ब्यवस्था**ः उपभोक्ता समितिबाट कार्यसम्पन्न हुन नसक्ने जटिल र प्राविधिक रुपमा कठिन प्रकृतिका आयोजनाहरुको स्थानिय तहले प्रचलित कानुनको प्रक्रियापुर्याई ठेक्का पट्टाद्वारा  काम गराउनु पर्नेछ।

**१२. सडक निर्माण सम्बन्धी विशेषब्यवस्थाः** (१) पुर्वाधार बिकासबाट अधिकतम लाभ लिनका लागी  सडक सुविधा पुगने क्षेत्रमा तत्काल रोजगारी र आयआर्जनमा बढावा दिन सक्ने कृषि क्षेत्र (कृषि, पशु बिकास र मत्स्य बिकास) तथा गैर कृषि क्षेत्र( लघुउद्योग, उद्यम, व्यवसाय) सम्बन्धी आर्थिक तथा सामाजिक बिकासका कृयकलापहरु उक्त क्षेत्रमा नै संकेन्द्रित (कन्सन्ट्रेट) गरी एक क्षेत्रले अर्को क्षेत्रको बिकासमा परिपुरकता कायम हुने गरी संचालन गर्नुपर्नेछ।

२) सडकमा लगानी गर्दा नयाँ ट्रयाक खोल्ने कार्यलाई कम प्राथमिक्ता दिइ भैरहेका सडकहरुलाई बाह्रै महिना सञ्चालन गर्न, सडकको  स्तरोन्नतिका साथै सडक संरचना  र पुल पुलेसा निर्माणमा प्राथमिकता दिनुपर्नेछ ।

३) सडक निर्माण कार्यमा ठूला मेशिनरी उपकरणको प्रयोगमा कम प्राथमिकता दिनुपर्नेछ । तर प्राविधिकको परामर्शमा वातावरण संरक्षण ऐन २०५३ तथा वातावरण संरक्षण नियमावली २०५४ को साथै सामाजिक तथा वातावरणीय सुरक्षाको रुपरेखा २०६५ को परिधी भित्र रही वातावरण तथा श्रममैत्री उपकरण प्रयोगमा बाधा पर्ने छैन ।

४) स्थानीय तहले आफ्नो क्षेत्रभित्र स्थानीय तह लगायत अन्य निकायबाट निर्माण भएका सम्पुर्ण सडकहरुको नक्साङ्कन एवम् अद्यावधिक विवरण रोड इन्भेन्ट्री तयार गरी राख्नुपर्नेछ ।

५) सम्बन्धित निकायको स्वीकृति बिना वातावरणमा प्रत्यक्ष रुपमा असर पुर्याउने खालका आयोजनाहरु तथा स्थानीय तहबो स्वीकृति वेगर स्थानीयस्तरका सडक निर्माणसम्बन्धी भौतिक पूर्वाधारका आयोजनाहरु सञ्चालन गर्न पाइने छैन ।

६) सडक निर्माणसम्बन्धी कार्यसञ्चालन गर्नुपुर्व सडकको क्षेत्राधिकार कायम गर्न लगत कट्टा गर्ने प्रक्रिया सुरु गरेको हुनुपर्नेछ । साथै सडकका दुबै तर्फ हरियाली कायम राख्न बृक्षारोपण समेत गर्नुपर्नेछ ।

**१३. आयोजना मर्मत संभार तथा हस्तान्तरण सम्बन्धी व्यवस्था :**

१) एक करोड रुपैया भन्दा माथि लागत भएका आयोजनाको हकमा आयोजनाको लागत अनुमान तर्जुमा गर्दा कैं समयमा मर्मत सम्भारका लागि रकम छुट्याउनुपिर्नेछ । सोभन्दा कम लागतका स्थानीय पुर्वाधारसम्बन्धी आयोजनाको हकधमा मर्मत संभार विशेष कोषमा आवश्यक बजेट विनियोन गरी उक्त कोषबाट मर्मत सम्भारको व्यवस्था मिलाउनुपर्नेछ ।

२) आयोजना सञ्चालन गर्ने निकायले समपन्न भइसकेका आयोजनाहरुको नियमित रेखदेख र मर्मत संभार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्वन्धित उपभोक्ता समिति, सामुदायिक संस्था वा गैरसरकारी संस्थालाइ अनुसुची ७ बमोजिम हस्तान्तरण गरी दिगो सञ्चालन हुने व्यवस्था मिलाउनुपर्नेछ ।

३) हस्तान्तरित आयोजनाको नियमित सञ्चालन र मर्मत संभारका लागि उपभोक्ता समितित गैर सरकारी संस्था वा समुदायिक संस्थाले सम्बन्धित स्थानीय निकायबाट स्वीकृति लिइ आवश्यक सेवा शुल्क तोकी आफ्नो कोष खडा गर्न सक्नेछन् ।

४) उपदफा ३ बमोजिमको कोषबाट कोषको बार्षीक आम्दानीको दश प्रतिशत वा पच्चीस हजार मध्ये जुन कम हुन्छ त्यति रकम प्रशासनिक कार्यमा खर्च गर्न सकिनेछ । बाँकी रकम सम्बन्धित आयोजनाको मर्मत संभार र स्तरोन्नतीका लागि खर्च गर्नुपर्नेछ ।

५) नियमित रुपमा मर्मत संभार नगर्ने आयोजनामा स्थानीय तहबाट थप लागनी हनेछैन ।

**१४. जनसहभागिता एवम् लागत सहभागिता :**

१) कार्यक्रम वा आयोजना तर्जुमा सञ्चालन अनुगमन तथा मूल्याङ्कन लगायत आयोजनाका प्रत्येक चरणमा अत्यधिक मात्रामा सहभागिता जुटाउने प्रयत्न गर्नु स्थानीय तहको कर्तव्य हुनेछ ।

२) सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति आयोजनास्थल उपभोक्ताको क्षमता र स्थानीय निकायले अवलम्वन गरेको नितिका अधीनमा दश प्रतिशतमा कम नहुनेगरी ( नगद, श्रम वा स्थानीय सामग्री) निर्धारण गर्नुपर्नेछ ।

तर सम्बन्धित स्थानीय तहबाट सोभन्दा बढी सहभागिताको अंश निर्धारण गरिएकोमा सोही बमोजिम हुनेछ ।

३) सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार र लक्षित समूहलाई विशेष सहुलियत दिन सकिने प्रावधान राख्न सकिनेछ । लागत सहभागिता व्यहोर्न नसकेका कारणबाट लक्षित समूहलाई आयोजनाको लाभबाट वञ्चित गराइने छैन ।

**१५. आयोजना जाँचपास र फरफारकसम्बन्धी व्यवस्था :**

१. स्थानीय तहले आयोजना सम्पन्न भएको जानकारी प्राप्त भएपछी भौतिक पुर्वाधार आयोजनाको हकमा सम्बन्धित प्राविधिकले पेश गरेको अन्तिम मूल्याङ्कन कार्यसम्पन्न प्रतिवेदन र सार्वजानिक परीक्षणको प्रतिवेदन तथा अन्य क्रियाकलापको हकमा सार्वजानिक परीक्षणको प्रतिवेदनको आधारमा तीस दिनभित्र आयोजनाको जाँचपास गर्नुपिर्नेछ ।

२. स्थानीय तहले विषयगत कार्यालय, अन्य निकाय वा संघ संस्थाबाट सञ्चालित आयोजनाको कार्यसम्पन्न प्रतिवेदन प्राप्त भएपछि आवश्यक जाँचवुझ गरी ३० दिनभित्र जाँचपास गर्नुपर्ने छ ।

३. स्थानीय तहले आयोजना जाँचपास भएपछि फरफारक गरिदिनुपर्ने छ । फरफारक भएका आयोजनाहरुको सम्बन्धीत स्थानीय तहको कार्यपालिकाबाट अनुमोदन गराउनुपर्ने छ ।

परिच्छेद - ३

## अनुगमन तथा सुपरिवेक्षण समिति

**३२. अनुगमन तथा सुपरीवेक्षण समिति :**

१) आयोजना वा कार्यक्रमको समग्र अनुगमन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको गाउँपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति रहनेछ :

| | |
|---|---|
| क | गाउँपालिका उपाध्यक्ष |
| ख | प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति |
| ग | वडाध्यक्षहरु पाँच जना |
| घ | कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य दुई जना |
| ङ | पुर्वाधार, विकास तथा वातावरण विकास शाखा प्रमुख |

२. कुनै पनि आयोजना वा कार्यक्रम, गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत वा कार्यक्रमसँग सम्वन्धित अधिकार प्राप्त अधिकारीले कुनै पनि कारवाहीको लागि सिफारिस गर्न नसक्नेछ।

३. अनुगमन तथा सुपरीवेक्षण समितिले वडा स्तरीय सुपरीवेक्षण तथा अनुगमन समिति गठन गर्न सक्नेछ।

४. अनुगमन तथा सपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार समितिले तोके बमोजिम हुनेछ।

परिच्छेद ४

विविध

१६. आयोजना व्यवस्थापन सेवा (कन्टेनजेन्सि) खर्च सम्बन्धि व्यवस्था :

(१) स्थानिय निकायबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनालाई कार्य कुशलता प्रभावकारीता तथा मितव्यिताको

सिद्धान्त अनुसार सञ्चालनमा सहयोग पुर्याउन पुजीगत लगानीको कन्ट्नजेन्सि रकम खर्च गर्दा कुल पुजीगत

खर्चको अनुपातमा मात्र खर्च गर्नु पाइनेछ।

(२) उपदफा १ बमवजिम छुट्याएको रकम देहायका क्रियाकलाहरुमा मात्र खर्च गर्नुपर्नेछ -

क) आयोजना सर्वेक्षण वा सम्भाव्यता अध्ययन, डिजाइन, ड्रइङ, लागत अनुमान तथा वातावरणीय,

सामाजिक र प्राविधिक अध्ययन सम्बन्धी खर्च,

ख) समावेशी र सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण सम्बन्धी खर्च,

ग) आयोजना अभिलेख व्यवस्थापन, योजना खाता र रजिष्टर समबन्धी खर्च,

घ) कार्यक्रम वा आयोजनाको सुपरिवेक्षण, अनुगमन, मुल्याङ्कन, जाँपास तथा प्रतिवेदन सम्बन्धी खर्च,

ङ) सामाजिक परीक्षण, सार्वजानिक सुनुवाई, गुनासो व्यवस्थापन तथा कार्यविधिमा उल्लेखित पारदर्शीता र

उत्तरदायित्व कायम गर्ने गराउने विषय,

च) उपभोक्ता समिति गठन, अभिमुखीकरण र उपभोक्ता समितिको प्रशासनिक तथा प्राविधिक सेवा खर्च,

छ) बयोजना व्यवस्थापनका लागि चाहिने अत्यावश्यक प्राविधिक उपकरणहरु

ज) गुणस्तर परीक्षणका लागि प्रयोगशाला स्थापना गर्न आवश्यक खर्च

झ) आयोजनासँग सम्बन्धिकत सामाजिक परिचालन कार्य,

ञ) प्राविधिक कर्मचारी व्यवस्थापन तथा प्राविधिक कर्मचारीलाई दिइने फिल्ड भत्ता लगायताका सुविधा,

ट) कार्यालय व्यवस्थापनका लागि आवश्यक अन्य खर्चहरु

**१७) फिल्ड भत्ता सम्वन्धी व्यवस्था :**

१) आयोजना सर्वेक्षण वा सम्भाव्यता अध्ययन, डिजाइन, ड्रइङ, लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययन समबन्धी आदि कार्य गर्ने, अनुगमन गर्न, साथै अन्य प्राविधिक कार्य गर्नका लागि प्राविधिक कर्मचारीलाई फिल्ड भत्ता उपलब्ध गराइनेछ । सो भत्ता आयोजना व्यषवस्थापन सेवा खर्चबाट व्यहोरिनेछ । यदि सो अपुग भएमा चालु अनुदानबाट दिन सकिनेछ ।

२) प्राविधिक कर्मचारीले यस कार्यविधिमा तोकिएको ढाँचामा फिल्ड आदेश भरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गर्नुपर्नेछ ।

३) एक दिन भन्दा बढी अवधिको लागि दफा १७ को उपदफा १ बमोजिम फिल्ड आदेश स्वीकृत गर्दा, पायक पर्ने स्थानका बढी भन्दा बढी आयोजनाहरुलाई समुहकृत गरेर पेश गर्नुपर्नेछ ।

४) दफा १७ को उपदफा १ मा उल्लेख भए अनुसार, जुन आयोजनाको लागि जुन प्रयोजनको लागि खटिएको हो सो अनुसारको प्रतिवेदन फिल्डबाट फर्किएकव तीन दिनभित्र तयार गरी पेश गर्नुपर्नेछ।
५) दफा १७ को उपदफा १ मा बमोजिमको प्रतिवेदन स्वीकृत भैसके पश्चात मात्रै अनुसूची ९ बमोजिमको फिल्ड बिल भरी पेश गर्न सकिनेछ।
६) प्राविधिक कर्मचारीले अघिल्लो महिनामा कम्तीमा एकपटक फिल्ड आदेश स्वीकृत गराएको योजनाको अर्को महिनाको सात गतर् भित्र अनुसुची १० को ढाँचामा मासिक फील्ड भ्रमण फाँटवारी तया गर्नुपर्नेछ।
७) यस कार्यविधि बमोजिम फिल्ड सुविधा दावी गर्ने कर्मचारीले आयोजनाको कार्यसम्पन्न भइसकेपश्चात कार्यसम्पन्न प्रतिवेदन साथसाथै प्रत्येक योजनानका लागि फिल्डमा खटिएका आयोजनागत फिल्ड भ्रमण फाँटवारी तोकिएको ढाँचामा तयार गरी पेश गर्नुपर्नेछ।
८) अनुसुची ११ बमोजिम जुन उद्येश्यले फिल्ड भ्रमण गरिएको हो सो फिल्ड बदेशको अन्तिम मितिले सात दिनभित्र प्रतिवेदन पेश नगरेमा उक्त उद्धेश्य बापतको फिल्ड सुविधा दावी गर्नुहुँदैन।
९) एक योजनाका लागि सबै चरणमा गरी अधिकताम ३ दिन भन्दा बढीको फिल्ड आदेश स्वीकृत गर्नेका लागि पेश गर्नुहुँदैन।
१०) दफा ५ बमोजिमको प्रतिवेदन स्वीकृत भैसकेपछि अधिकृतस्तरको कर्मचारीको हकमा प्रतिदिन रु. छ सय र सहायकस्तरको कर्मचारीको हकमा रु. चार सय बराबरको फील्ड भत्ता उपलब्ध गराइनेछ।
११) स्वीकृत फिल्ड आदेशको अन्तिम दिनबापत उपदफा १ बराबरको रकमको चौथाइ रकम मात्र फिल्ड सुविधा दिन सकिनेछ।
१२) प्राविधिक कर्मचारीले आफूले महिनाभरमा काम गरेको प्राविधिक प्रतिवेदन तथा यस कार्यविधि बमोजिम तयार गरी पेश गर्नुपर्ने कार्यविधिहरु अनुसूचीका निर्दिष्ट ढाँचामा भरी अर्को महिनाको सात गते भित्र पेश गरेपछि मात्रै भुक्तानी दिन सकिनेछ।

**१८) बाधा अड्कन फुकाउ:** यस कार्यविधिमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ।

**१९) खारेजी र बचाउ :** यस कार्यविधिमा भएका व्यवस्थाहरु मौजुदा संघीय तथा प्रादेशिक कानूनसँग बाझिएकव हददेखि बाहेक मान्य हुनेछ ।